नवजात शिशुलाई खतराका लक्षणहरू

911

911-मा फोन
गर्नुहोस् यदि तपाईंको शिशु :

- सास फेरिरहेको छैन
- प्रतिक्रियाविहीन छ
- ऐँठन भइरहेको छ

आफ्नो अन्तर्मनलाई विश्वास गर्नुहोस्

आपतकालीन कक्ष वा अर्जेन्ट केयरमा लैजानुहोस्
यदि तपाईंको शिशुलाई:

- सास फेर्न गाह्रो भइरहेको छ
- अचानक रङ परिवर्तन भएको छ
- हरियो रङको उल्टी भएको छ

तपाईंको नवजात शिशुको स्वास्थ्यसेवा प्रदातालाई
फोन गर्नुहोस्, शिशुमा निम्न लक्षण देखिएमा:

- शरीरको तापक्रम 97.7°F (36.5°C)-भन्दा कम्ती अथवा 100.4°F (38 °C)-भन्दा बढी छ
- राम्रोसँग खाइरहेको छैन
- भिजेको वा फोहोर भएको डायपरमा परिवर्तन भएको छ
- बिरामी भएको वा सङ्क्रमणको लक्षण देखिएको छ
- आँखा वा त्वचा पहेँलो देखिएको छ
- सामान्यभन्दा बढी रोइरहेको छ

चिकित्सा सेवा नपाएमा, नवजात शिशुका यस्ता खतराका लक्षणहरू ज्यानलेवा हुन सक्छन्।

- **यदि तपाईंको शिशुले सास फेरिरहेको छैन भने,** तुरुन्तै CPR (सी पी आर) सुरु गर्नुहोस्।
- **अचेत शिशु** कपडाको पुतली जस्तै खुकुलो र लचिलो हुन्छ अनि ऊ ब्युँझिन सक्दैन।
- **ऐँठन** हुनु भनेको असामान्य कम्प हो, जसलाई तपाईले रोक्न सक्नुहुँदैन।
- **तपाईंको शिशुलाई सास फेर्न गाह्रो भइरहेको हुन सक्छ** यदि:
  - उनीहरू सास फेर्दा केही बेर रोकिन्छन्, जसले तपाईंलाई चिन्तित बनाउँछ
  - उनीहरूले छिटो-छिटो सास फेरिरहेका छन् (प्रति मिनट 60 पटकभन्दा बढी)
  - उनीहरूले सास फेर्दा आवाज आउँछ (सुइँ-सुइँ वा सिटी बजेको जस्तो आवाज)
  - उनीहरूले सास फेर्दा हरेकपल्ट करङको मुनि वा बीचमा एवं/अथवा गर्दनमा खाल्डो पारेर सास तानिरहेको छ
- **अचानक रङ परिवर्तन हुनुको अर्थ,** विशेष गरी ओठ, मुख वा जिब्रोवरपर नीलो, फुस्रो वा सेतो देखिनु।
- **हरियो उल्टी हुनु** आपतकालीन शल्यक्रियाको आवश्यकताको लक्षण हुनुसक्छ।

स्वास्थ्यसेवा प्रदाताको नाउँ/नम्बर:

_____

सबैभन्दा नजिकको बाल अस्पताल:

_____

- **यदि तपाईंको शिशुको तापक्रम कम वा उच्च छ भने,** तपाईंको स्वास्थ्यसेवा प्रदाताले यसपछि तपाईंलाई के गर्नुपर्ने भनेर सल्लाह दिनेछन्।
- **शिशुले राम्रोसँग नखाएका लक्षणहरू** निम्नप्रकारका हुनसक्छन्:
  - असामान्य रुपमा उल्टी गर्नु
  - 24 घण्टामा 8-पल्टभन्दा कम्ती खानु
  - खुवाउनको लागि सधैँ ब्युँझाउने खाँचो पर्नु
  - पटक-पटक खान नमान्नु
  - राम्ररी चुस्न र निल्न असमर्थ हुनु
  - थोरै समयका लागि मात्र दूध खानु वा बोतलबाट सामान्यभन्दा कम खानु
- **भिजेको अथवा फोहोर भएको डायपरमा परिवर्तनको** अर्थ हो:
  - दैनिक रूपमा भिज्ने डायपरको सङ्ख्यामा कमी आउनु
  - पेट सामान्यभन्दा बढी गोलो र कडा देखिनु
  - डायपरमा रगत देखिनु
- **बिरामी वा सङ्क्रमणका लक्षणहरूमा** नाइटोको भाग रातो हुनु वा त्यहाँबाट पीप बग्नु, सुन्नत गरिएको ठाउँबाट रगत वा स्राव बग्नु, खोकी लाग्नु, सिँगान बग्नु वा नाक थुनिनु जस्ता कुराहरू पर्न सक्छन्।
- **पहेँला आँखाहरू वा त्वचा** जण्डिस अर्थात् कमलपित्त रोगका सङ्केतहरू हुन्, जुन स्वास्थ्यसेवा प्रदाताद्वारा जाँच गराउनुपर्छ।
- **सामान्यभन्दा बढी रुनुको** अर्थ, तपाईंको शिशु असाध्यै चिडचिडिने भएको छ अनि उसलाई फकाउन वा शान्त पार्न गाह्रो देखिँदै छ।

हरेक शिशु भिन्न हुन्छ। तपाईंको शिशुको बारेमा आफ्नो ज्ञानमाथि विश्वास गर्नुहोस् अनि यदि तपाईंले आफूलाई चिन्तित तुल्याउने लक्षणहरू देख्नुभयो भने, आफ्नो शिशुको स्वास्थ्य सेवा प्रदातालाई फोन गर्नुहोस्।

AWHONN
PROMOTING THE HEALTH OF WOMEN AND NEWBORNS

यो कार्यक्रमलाई Merck-को विश्वव्यापी पहल Merck for Mothers मार्फत वित्तीय सहयोग प्राप्त छ, जसको उद्देश्य कुनै पनि महिलाले नयाँ जीवन दिने क्रममा ज्यान गुमाउनु नपरोस् भन्ने संसारको सिर्जना गर्नु हो। यूनाइटेड स्टेट्स अनि क्यानडा बाहिर Merck for Mothers-लाई MSD for Mothers भनेर चिनिन्छ।

©2026 महिला स्वास्थ्य, प्रसूति एवम् नवजात शिशुका नर्सहरुको सङ्घ (Association of Women's Health, Obstetric and Neonatal Nurses)। सर्वाधिकार सुरक्षित। केवल रोगी-शिक्षाका लागि असीमित सङ्ख्यामा प्रिन्ट प्रतिलिपिहरूका निम्ति अनुमति प्रदान गरिएको छ। अन्य सबै पुनरुत्पादन अनुरोधहरूका लागि, कृपया permissions@awhonn.org-सित सम्पर्क गर्नुहोस्।